# अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कार्ययोजना निर्माण, कार्यान्वयन एवम् घोषणा सम्बन्धी कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८२

**मा. मन्त्रिस्तरबाट स्वीकृत मिति २०८२/१२/३० गते**

## प्रस्तावनाः

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निः शुल्क हुने संवैधानिक व्यवस्था बमोजिम नेपाल सरकारबाट जारी भएको अनिवार्य तथा निः शुल्क शिक्षा ऐन, २०७५ लाई कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कार्ययोजना कार्यान्वयन एवम् घोषणालाई व्यवस्थित बनाउन बाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २, विषय क्रम संख्या ५ को उपखण्ड ४ ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "**अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कार्ययोजना निर्माण, कार्यान्वयन एवम् घोषणा सम्बन्धी कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८२" रहेको छ ।**

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसाङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क. "अनिवार्य शिक्षा" भन्नाले नेपाल सरकारद्वारा तोकिएको उमेर समूहका वालवालिकाहरूलाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने वाध्यकारी व्यवस्थालाई सम्झनु पर्छ।

ख. "अभिभावक" भन्नाले वालवालिकाको बाबु, आमा वा विद्यालयमा अभिभावकको रुपमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको संरक्षक वा माथवरलाई समेत जनाउँछ।

ग. "आर्थिक रूपले विपन्न" भन्नाले तोकिएको सीमाभन्दा कम वार्षिक आय भएको अवस्था सम्झनु पर्छ।

घ. "आधारभूत शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा आठसम्मको विद्यालय शिक्षा सम्झनु पर्छ ।

ङ. “स्थानीय तह” भन्नाले गण्डकी प्रदेश अन्तर्गतका महानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।

च. ऐन भन्नाले “अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५” सम्झनु पर्छ।

छ. “निः शुल्क शिक्षा” भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकवाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असूल नगरी दिइने शिक्षालाई सम्झनु पर्छ।

ज. नियमावली भन्नाले “अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली,२०७७” सम्झनु पर्छ।

झ. "निजी लगानीका विद्यालय" भन्नाले निजी लगानीमा स्थापना वा सञ्चालन भएको विद्यालय सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको संस्थागत विद्यालयलाई समेत जनाउँछ ।

ञ. "निःशुल्क शिक्षा" भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असूल नगरी दिइने शिक्षालाई सम्झनु पर्छ।

ट. "प्रधानाध्यापक" भन्नाले विद्यालयको नेतृत्व बहन गरी व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीलाई सम्झनु पर्छ र सो शब्दले विद्यालय वा शिक्षण संस्थाको व्यवस्थापनको प्रमुख जिम्मेवारी भएको प्रधानाचार्य वा कार्यकारी अधिकार राचार्य वा कार्यक प्रयोग गर्ने अन्य व्यक्तिलाई समेत जनाउँछ ।

ठ. "प्रारम्भिक बालविकास तथा शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि दिइने एक वर्ष अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित बाल विकास तथा शिक्षा सम्झनु पर्छ।

ड. “मन्त्रालय” भन्नाले गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ।

ढ. "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म वा सो सरहको शिक्षा सम्झनु पर्छ।

ण. "मातृभाषी शिक्षा" भन्नाले नेपालमा बोलिने नेपाली समुदायको कुनै मातृभाषाका माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ र सो शब्दले मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई समेत जनाउँछ।

त. "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएको सार्वजनिक वा निजी लगानीका विद्यालय सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम कायम रहेका सामुदायिक वा संस्थागत विद्यालयलाई समेत जनाउँछ।

थ. "विद्यार्थी" भन्नाले विद्यालयमा भर्ना भई अध्ययन गरिरहेका व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले अनौपचारिक, खुला, वैकल्पिक लगायतका कार्यक्रममा शिक्षा हासिल गरिरहेका व्यक्तिलाई समेत जनाउँछ ।

द. "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिजम, बौद्धिक अपाङ्गता, सुस्त श्रवण, वा अति अशक्त शारीरिक अपाङ्गता भएका वा यस्तै प्रकृतिका अवस्थाका वालवालिकालाई छुट्टै समूहमा राखि विशेष प्रकार र निश्चित माध्यमबाट दिईने शिक्षा सम्झनु पर्दछ।

ध. "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

न. "शिक्षण संस्था" भन्नाले विद्यालय वा उच्च शिक्षा प्रदायक संस्थालाई सम्झनु पर्छ र सो शब्दले अनौपचारिक, वैकल्पिक वा खुला शिक्षा प्रदान गर्ने संस्थालाई समेत जनाउँछ ।

ऩ. "सार्वजनिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानी वा अनुदानमा सञ्चालित विद्यालय सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम सामुदायिक विद्यालयको रूपमा सञ्चालित विद्यालय समेत जनाउँछ ।

प. "सार्वजनिक शैक्षिक गुठी विद्यालय" भन्नाले मुनाफा नकमाउने उद्देश्यले सार्वजनिक शैक्षिक गुठी अन्तर्गत स्थापना वा सञ्चालन भएका कल्याणकारी विद्यालयलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य र कार्यान्वयन प्रकृया

३. **उद्देश्यः** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क. ऐन कार्यान्वयनका लागि स्थानीय तहसँग समन्वय गरी नियमावलीले तोकेबमोजिम उमेर समूहका बालबालिकाहरुलाई आधारभूत तह पूरा गरी नियमित अध्ययन गर्ने वातावरण सृजना गर्नु,

ख. स्थानीय तह र प्रदेशमा सञ्चालित सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको क्षमता विकास गर्नु,

ग. शिक्षा क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुको प्रभावकारी परिचालन गर्नु,

घ. अनिवार्य तथा निः शुल्क शिक्षा सुनिश्चितताको घोषणाका आधारहरु तयार गर्नु ।

४. **कार्यान्वयन प्रकृयाः** अनिवार्य तथा निः शुल्क शिक्षा घोषणा सम्पन्न गर्नका लागि स्थानीय तहलाई सहजिकरण गर्न देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्ने ।

(१)अभिमुखिकरण र क्षमता विकासः

क. स्थानीय तहका जनप्रतिनिधिहरुका लागि कानुनी व्यवस्थाका विषयमा अभिमुखिकरण/समन्वय बैठक सञ्चालन गर्ने।

ख. स्थानीय तहका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुखहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन एवम् कार्ययोजना तयारीका लागि सहजिकरण गर्ने।

ग. शिक्षा क्षेत्रमा क्रियाशिल गैरसरकारी संघ संस्था परिचालन सम्बन्धमा समन्वय बैठक सञ्चालन गर्ने।

घ. सामुदायिक सिकाई केन्द्रका समुदाय परिचालकहरु/स्वयंसेवकहरुका लागि विद्यालय बाहिर रहेका वालवालिकाहरुको तथ्याङ्क संकलन एवम् व्यवस्थापन सम्बन्धमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।

(२) विवरण संकलन एवम् अध्यावधिकः

क. सामुदायिक सिकाई केन्द्र र सामुदायिक सिकाई केन्द्र नभएको क्षेत्रमा विद्यालय सेवा क्षेत्र वा सम्बन्धित वडा भित्रका वाल विकास सहजकर्ता वा प्राथमिक शिक्षकहरु परिचालन गरि सबै स्थानीय तहले विद्यालय बाहिर रहेका र अपाङ्गता भएका बालबालिकाको एकिन विवरण संकलन गर्ने ।

ख. स्थानीय तहबाट प्राप्त विवरणका आधारमा सम्बन्धित स्थानीय तह र प्रदेशस्तरीय प्रोफाइल तयार गर्ने ।

(३) अनिवार्य शिक्षा कार्यान्वयनका लागि योजनाः

क. स्थानीय तह स्तरमा तयार भएको प्रोफाइलका आधारमा विद्यालय बाहिर रहेका वालवालिकाहरुको प्रकृति अनुसार अनिवार्य शिक्षाको सुनिश्चितताको लागि स्थानीय तहको शिक्षा योजनामा कार्यक्रम अध्यावधिक गर्ने।

ख. शिक्षा योजनामा अध्यावधिक गरिएको कार्यक्रम अनुसार श्रोत पहिचान गरी नियमावली बमोजिम कार्यान्वयनको व्यवस्था मिलाउने।

## परिच्छेद-३

## घोषणा प्रक्रिया तथा आधारहरु

**५. स्थानीय तह घोषणाः** स्थानीय तहमा अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित भएको घोषणा प्रकृया तथा आधारहरु देहाय बमोजिम हुनेछन् :

क. घरधुरी सर्वेक्षणका लागि सर्वेक्षक परिचालन गर्ने,

ख. घरधुरी सर्वेक्षण गरि विद्यालय बाहिर रहेका बालबालिका पहिचान गर्ने,

ग. पहिचान भएका बालबालिकाको प्रकृति अनुसार विभिन्न कार्यक्रमको व्यवस्था गरि पायक पर्ने विद्यालय/ विशेष शिक्षा कक्षा/वैकल्पिक शिक्षा/अनौपचारिक तथा खुला शिक्षामा भर्ना गराई नियमित पठनपाठनको व्यवस्था गर्ने,

घ. विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नभएको/आधारभूत तहको शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भएको कुरा प्रत्येक वडाले घोषणा गर्ने,

ङ. सबै वडामा विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नभएको/आधारभूत तहको शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भए पश्चात स्थानीय तहले सार्वजनिक कार्यक्रम आयोजना गरेर सबै वडामा विद्यालय उमेर समूहका कुनै पनि

बालबालिका विद्यालय बाहिर नभएको/आधारभूत तहको शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भएको घोषणा गर्ने।

६. **प्रदेश घोषणाः** प्रदेशका सबै स्थानीय तहमा विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नभएको/आधारभूत तहको शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भएको घोषणा भए पश्चात प्रदेशले सार्वजनिक कार्यक्रम आयोजना गरी अनिवार्य तथा निः शुल्क शिक्षा सुनिश्चित भएको प्रदेश घोषणा गर्ने ।

## परिच्छेद-४

## तहगत भूमिका

७. **सम्बन्धित वडा कार्यालयको भूमिकाः** कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित वडा कार्यालयको भूमिका देहाय बमोजिम हुनेछः

क. घरधुरी सर्वेक्षणका लागि वडा स्तरमा खटिएका सर्वेक्षकहरुलाई सहयोग एवम् परिचालन गर्ने,

ख. घरधुरी सर्वेक्षण गरि विद्यालय बाहिर रहेका बालबालिका पहिचान गर्ने,

ग. पहिचान भएका बालबालिकाको प्रकृति अनुसार विभिन्न कार्यक्रमको व्यवस्था गरि पायक पर्ने विद्यालय/ विशेष शिक्षा कक्षा/वैकल्पिक शिक्षा/अनौपचारिक तथा खुला शिक्षामा भर्ना गराई नियमित पठनपाठनको व्यवस्था मिलाउने,

घ. विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नभएको/आधारभूत तहको शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भए पश्चात प्रत्येक वडाले सार्वजनिक कार्यक्रम आयोजना गरि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितता भएको वडा घोषणा गर्ने।

८. **स्थानीय तहको भूमिकाः** कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः

क. अनिवार्य तथा निः शुल्क शिक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रम निर्माण गर्ने,

ख. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत पहिचान एवम् व्यवस्थापन गर्ने,

ग. विद्यालय बाहिर रहेका वालवालिका पहिचान गर्नका लागि विद्यालयको सेवा क्षेत्र तोक्ने,

घ. विद्यालयको सेवा क्षेत्र अनुसार विद्यालय उमेरका विद्यालय बाहिर रहेका वालवालिका पहिचान गर्नका लागि आवश्यक संख्यामा सर्वेक्षक छनौट एवम् परिचालन गर्ने गराउने,

ङ. विभिन्न कारणले विद्यालय शिक्षाको अवसर नपाएका बालबालिकाहरुको विवरण संकलन एवम् अध्यावधिक गरी प्रोफाइल तयार गर्ने,

च. पहिचान भएका बालबालिकाको प्रकृति अनुसार विभिन्न कार्यक्रमको व्यवस्था गरी पायक पर्ने विद्यालय/ विशेष शिक्षा कक्षा/वैकल्पिक शिक्षा/अनौपचारिक तथा खुला शिक्षामा भर्ना गराई नियमित पठनपाठनको व्यवस्था मिलाउने,

छ. स्थानीय तह भित्र कार्य गर्ने सरकारी तथा गैर सरकारी निकाय/संघसँस्था समेत परिचालन गर्ने,

ज. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि संघ शसर्त अनुदान शिर्षकमा प्राप्त बजेट परिचालन गर्ने साथै संघ शसर्त अनुदान शिर्षकमा सामुदायिक सिकाई केन्द्रमा प्राप्त हुने शसर्त अनुदान समेत सामुदायिक सिकाई केन्द्रको सेवाक्षेत्र भित्रका विद्यालय बाहिर रहेका वालवालिका पहिचान एवम् शैक्षिक पहुँच सुनिश्चितता गर्नका लागि आवश्यकता अनुसार कार्यक्रम निर्माण र परिचालन गर्ने,

झ. कार्यक्रम कार्यान्वयनको अवस्था अनुगमन गर्ने,

ञ. सबै वडामा विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नभएको/आधारभूत तहको शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भए पश्चात सार्वजनिक कार्यक्रम आयोजना गरी  घोषणा गर्ने ।

९. **शिक्षा विकास तथा समन्वय इकाईको भूमिकाः** कार्यक्रम कार्यान्वयनका लागि शिक्षा विकास तथा समन्वय इकाइको भूमिका देहाय बमोजिम हुनेछः

क. अनिवार्य तथा निः शुल्क शिक्षा सुनिश्चित भएको घोषणा सम्मको योजना निर्माण र कार्यान्वयन गर्नका लागि स्थानीय तहहरुसँग समन्वय, सहकार्य एवम् सहजिकरण गर्ने गराउने,

ख. स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमको अनुगमन गर्ने ।

१०. **मन्त्रालयको भूमिकाः** कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः

क. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक निर्देशिका/मापदण्ड तयार गर्ने,

ख. कार्यक्रम कार्यान्वयनका लागि संघीय सरकार र स्थानीय तहसँग समन्वय गर्ने,

ग. आवश्यकता अनुसार क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

घ. विद्यालय वाहिर रहेका बालबालिकाहरुको प्रादेशिक प्रोफायल तयार गर्ने,

ङ. स्थानीय तहले सञ्चालन गरेका कार्यक्रम अनुगमन गर्ने,

च. कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहलाई अनुदान उपलव्ध गराउन सक्ने,

छ. अनिवार्य तथा निः शुल्क शिक्षा सुनिश्चित प्रदेश घोषणा गर्ने प्रयोजनका लागि सूचक विकास गर्ने।

# परिच्छेद-५

# सिफारिस सम्बन्धि व्यवस्था

११. **वडा घोषणा सिफारिस समितिः** (१) अनिवार्य तथा निः शुल्क शिक्षा सुनिश्चित भएको वडा घोषणा गर्नका लागि वडा समक्ष सिफारिस गर्न स्थानीय तहका हरेक वडामा देहाय बमोजिमको समिति रहनेछ ।

क. स्थानीय बुद्धिजीवीमध्येबाट स्थानीय तहले तोकेको कम्तीमा स्नातक तह उत्तीर्ण गरी शिक्षा क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव भएका व्यक्तिहरु मध्येबाट १ जना- संयोजक

ख. वडा अध्यक्षले मनोनित गरेका प्रधानाध्यापकहरु मध्येबाट २ जना —सदस्य

ग. वडाअध्यक्षले तोकेको वडा सदस्य १ जना -सदस्य

घ. सामुदायिक सिकाई केन्द्रहरु मध्येबाट स्थानीय तहले मनोनित गरेको समुदाय परिचालक १ जना-सदस्य

ङ. सम्बन्धित वडाका टोल विकास सँस्थामध्येबाट वडाअध्यक्षले तोकेको १ जना टोल विकास सँस्थाको अध्यक्ष - सदस्य

च. वडा सचिव- सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) बैठक सम्बन्धी निर्देशिका समिति आफैंले निर्माण गरे बमोजिम हुनेछ ।

१२. **स्थानीय तह घोषणा सिफारिस समितिः** (१) अनिवार्य तथा निः शुल्क शिक्षा सुनिश्चित स्थानीय तह घोषणा गर्नका लागि स्थानीय तह समक्ष सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ ।

क. उपप्रमुख/उपाध्यक्ष- संयोजक

ख. वडा अध्यक्षहरु मध्येबाट स्थानीय तहका प्रमुखले मनोनित गरेका २ जना -सदस्य

ग. स्थानीय तहमा क्रियाशिल गै.स.स. मध्येबाट स्थानीय तहले मनोनित १ जना -सदस्य

घ. माध्यामिक तहका प्रधानाध्यापकहरु मध्येबाट स्थानीय तहले मनोनित गरेका कम्तीमा १ जना महिला पर्ने गरी ३ जना -सदस्य

ङ. आधारभूत तह सञ्चालित विद्यालयका प्रधानाध्यापक मध्येबाट स्थानीय तहले मनोनित गरेका कम्तिमा १ जना महिला पर्ने गरी २ जना -सदस्य

च. सम्बन्धित राजनैतिक दलले तोकेका सम्बन्धित स्थानीय तहका क्रियाशिल राजनैतिक दलका १/१ जना प्रतिनिधि -सदस्य

छ. स्थानीय तहले मनोनित गरेका सञ्चार माध्यमका प्रतिनिधिहरु २ जना -सदस्य

ज. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव

पुनश्चः माध्यमिक तहमा महिला प्रधानाध्यापक नभएको खण्डमा पुरुष प्रधानाध्यापक मनोनयन गर्न सकिनेछ।

(२) समितिले आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) बैठक सम्बन्धी कार्यबिधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. **प्रदेश घोषणा सिफारिस समितिः** (१) अनिवार्य तथा निः शुल्क शिक्षा सुनिश्चित प्रदेश घोषणा गर्नका लागि स्थानीय तहको अनुगमन समेत गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछः

क. महानिर्देशक/अतिरिक्त प्रदेश सचिव - संयोजक

ख. मन्त्रालयले तोकेको शिक्षा विकास तथा समन्वय इकाईको प्रमुख-सदस्य

ग. मन्त्रालयले तोकेको कुनै २ वटा स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख-सदस्य

घ. अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सदस्य

ङ. मन्त्रालयले तोकेको सम्बन्धित शाखाको महाशाखा प्रमुख/उपसचिव -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) बैठक सम्बन्धी कार्यबिधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-६

## अनुदान सम्बन्धि व्यवस्था

१४. **अनुदानः** (१) अनिवार्य तथा निः शुल्क शिक्षा ऐन कार्यान्वयनका लागि देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न संघ सशर्त अनुदान र स्थानीय तहमा विनियोजित रकममा नपुग हुने भएमा स्थानीय तहको प्रस्तावको आधारमा अनुदान उपलव्ध गराउने ।

(२) अनिवार्य तथा निः शुल्क शिक्षा घोषणासम्मका गतिविधि सञ्चालनका लागि स्थानीय तहले अनुसुची- २ बमोजिमको ढाँचामा विवरण खुलाई मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ । प्रस्तावको ढाँचा अनुसुची- २ बमोजिम हुनेछ ।प्रस्ताव मूल्याङ्कनका आधारहरु समितिले निर्धारण गरे बमोजिम हुनेछन् ।

| क्र.स. | शीर्षक | विवरण र अनुदान रकम |
|---|---|---|
| १. | नियमावली बमोजिम आवासिय सुविधा, छात्रवृत्ति, विशेष व्यवस्था र अवसर सुनिश्चित गर्न। | क.**आवासिय सुविधा सहित छात्रवृत्तिः** प्रति विद्यार्थी मासिक रु. ५ हजारका दरले १० महिनाको अधिकतम् रु. ५० हजारसम्म। |

| क.स. | शीर्षक | विवरण र अनुदान रकम |
|---|---|---|
| | | **ख.स्रोत कक्षा व्यवस्थापनः प्रति कक्षा ५० हजार सम्म** (हाल सञ्चालित कक्षमा निर्धारित कोटामा विद्यार्थी थप गरेर सञ्चालन गर्नुपर्ने भएमा)। |
| २. | अनौपचारिक र वैकल्पिक शिक्षा उपलव्ध गराउन। | **क. वैकल्पिक शिक्षाका अवसर**<br>तह १ देखि ३ सम्म प्रति विद्यार्थी प्रति महिना रु.२०० का दरले कक्षा सञ्चालन अवधिभरका लागि।<br>**ख. साक्षरता कक्षा सञ्चालनः** प्रति कक्षा २० जनाको समूहका दरले प्रति महिना रु. ५ हजारका दरले ३ महिनासम्मका लागि। |
| ३. | घोषणा कार्यक्रम सञ्चालन एवम् व्यवस्थापन गर्न। | प्रति स्थानीय तह रु. १ लाखसम्म। |

**१५. अनुदान सिफारिस समितिः** मन्त्रालयले स्थानीय तहलाई अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितता भएको घोषणा सहयोग एवम् अनिवार्य तथा निःशुल्क शिक्षा उपलव्ध गराउने प्रयोजनका लागि अनुदान उपलव्ध गराउन सक्नेछ। दफा १४ बमोजिम अनुदान सिफारिस गर्न देहाय बमोजिमको अनुदान सिफारिस समिति रहनेछ।

अनुदान सिफारिसका आधारहरु  अनुदान सिफारिस समितिले तय गर्नेछ।

क. महाशाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा, मन्त्रालय -संयोजक

ख. महाशाखा प्रमुख, योजना तथा प्रशासन महाशाखा, मन्त्रालय -सदस्य

ग. शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख मध्येबाट १ जना -सदस्य

घ. मन्त्रालयले तोकेको स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख २ जना -सदस्य

ङ. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय -सदस्य

च. शाखा प्रमुख, शैक्षिक योजना तथा तथ्याङ्क शाखा, मन्त्रालय -सदस्य सचिव

## परिच्छेद-७

## विविध

**१६. अनुगमन सम्बन्धी व्यवस्थाः** (१) अनिवार्य तथा निःशुल्क शिक्षामा सवै नागरिक तथा वालवालिकाको पहुचँ सुनिश्चित गर्ने सम्बन्धमा सञ्चालित कार्यक्रम र ऐनको प्रभावकारी कार्यान्वयन भए नभएको विषयमा अनुगमन गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछः

**क. वडा स्तरिय अनुगमन समितिः**

१. वडा अध्यक्ष- संयोजक

२. वडा अध्यक्षले तोकेको एकजना वडा सदस्य- सदस्य

३. सम्बन्धित वडाको उच्चतम तह सञ्चालित विद्यालयको प्रधानाध्यापक- सदस्य

**ख. पालिका स्तरिय अनुगमन समितिः**

१. स्थानीय तहको प्रमुख/ अध्यक्ष- संयोजक

२. स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत- सदस्य

३. सामाजिक बिकास समिति संयोजक १ जना -सदस्य

४. संयोजकले तोकेको शिक्षा समितिको सदस्य १ जना- सदस्य

५. स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद महाशाखा/ शाखा प्रमुख- सदस्य सचिव

**ग. प्रदेश स्तरिय अनुगमन समितिः**

१. मन्त्रालयको सचिव - संयोजक

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको उपसचिव प्रतिनिधी १ जना - सदस्य

३. प्रदेश नीति तथा योजना आयोगको उपसचिव प्रतिनिधी १ जना -सदस्य

४. आर्थिक मामिला मन्त्रालयको उपसचिव प्रतिनिधी १ जना - सदस्य

५. उपसचिव/ महाशाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधी महाशाखा - सदस्य सचिव

**१७. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** (१) अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क. अनिवार्य तथा निःशुल्क शिक्षाको समग्र नीति तथा कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

ख. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयनको प्रभावकारिताको अनुगमन गर्ने वा गराउने,

ग. अनिवार्य तथा निःशुल्क शिक्षा तथा सोसँग सम्बन्धित कार्यक्रममा लक्षित समुदायको पहुँच पुग्न सके वा नसकेको अनुगमन गर्ने,

घ. अनिवार्य तथा निःशुल्क शिक्षालाई प्रभावकारी बनाउन सम्बन्धित निकायलाई आवश्यक सुझाव दिने।

(२) अनुगमन समितिले अनुगमन सूचक तयार गरी मन्त्रालयवाट स्वीकृत गराई सोही सूचक बमोजिम अनुगमन गर्नु पर्नेछ ।

**१८. सुविधा दोहोरो हुने गरी लिन नपाइनेः** ऐन वा नियमावली बमोजिमको छात्रवृत्ति, विशेष व्यवस्था वा अवसर वापत एउटै शीर्षकमा दोहोरो पर्ने गरी कुनै रकम, सामाग्री वा अवसर लिन पाइने छैन।

**१९. विवरण उपलब्ध गराउनु पर्नेः** (१) ऐनको प्रयोजनको लागि प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्र भएका मातृभाषी, दलित, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न व्यक्तिको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) विद्यालय बाहिर रहेका बालबालिकाहरुको पालिका स्तरीय प्रोफायल तयार गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको विवरण नेपाल सरकारको शिक्षा सम्वन्धी विषय हेर्ने मन्त्रालय, प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय र सम्बन्धित विद्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

**२०. साझेदारी वा सहकार्य गर्न सकिनेः** विद्यालय व्यवस्थापनमा सुधार, गुणस्तरयुक्त शिक्षाको विकास तथा विद्यार्थीहरूको सिकाई अभिवृद्धि सम्बन्धी कार्य गर्नका लागि बिद्यालय तया प्रचलित कानून बमोजिम सञ्चालनमा रहेका गैरसरकारी संस्था र स्थानीय तहवीच समेत पारस्परिक साझेदारी वा सहकार्य गर्न सक्ने गरी आवश्यक प्रवन्ध गर्न सकिनेछ।

**२१. सहजीकरण तथा निर्देशिका संशोधनः** (१) यस निर्देशिकाको कार्यान्वयनमा कुनै समस्या आइपरेमा मन्त्रालयले सहजीकरण गर्नेछ।

(२) मन्त्रालयले यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**२२. प्रचलित कानून बमोजिम हुनेः** यस निर्देशिकामा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानूनमा भएको व्यवस्था नै कार्यान्वयन हुनेछ।

# अनुसुची-१
# घरधुरी सर्वेक्षण फाराम

**क. भौगोलिक विवरणः**

प्रदेशः जिल्लाः स्थानीय तहः वडाः टोलः

**ख. पारिवारिक विवरणः**

१. अभिभावक/संरक्षकको नामः

२. बाबुको नामः

३. आमाको नामः

४. अभिभावकको ठेगाना (हालको ठेगाना अस्थायी भएमा स्थायी ठेगाना लेख्ने):

५. परिवारका सदस्य संख्याः

महिलाः पुरुषः अन्यः

६. सम्पर्क मोबाइल नम्बरः

७. धर्मः (हिन्दु, बौद्ध, इसाई, इस्लाम, बोन, प्रकृति, अन्य)

८. जातजातीः (ब्राह्मण, मगर, क्षेत्री, गुरुङ, विश्वकर्मा, मिजार, परियार, नेवार, थारू, तामाङ, अन्य)

९. परिवारको मुख्य पेशाको क्षेत्रः

(कृषि तथा पशुपालन, पर्यटन व्यवसाय, वैदेशिक रोजगार, व्यापार तथा बाणिज्य, सरकारी सेवा, जलविद्युत, यातायात सेवा, हस्तकला, घरेलु उद्योग, ज्याला मजदुरी, स्वरोजगार, निजी क्षेत्र, अन्य)

१०. विद्यालय गएका बालबालिका संख्याः

छोराः छोरीः अन्यः

११. विद्यालय नगएका बालबालिका संख्याः

छोराः छोरीः अन्यः

१२. विद्यालय जान नसकेका बालबालिकाको नाम र विद्यालय जान नसक्नुको कारणः (कारण उल्लेख गर्दा तल उल्लेख गरिएका कारणहरुलाई प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ।)

| क्र.स. | बालबालिकाको नाम | जन्म मिति | लिङ्ग | उमरे समुह | कारण | विस्तृत विवरण |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

क. अपाङ्गता भएका कारण

- अपाङ्गताको प्रकार र वर्गः
- अपाङ्गताको वर्ग पहिचान नभएको भए सो समेत खुलाउने

ख. आर्थिक रुपले विपन्न भएका कारण

- परिवारको वार्षिक आय रुः

  (पारिवारिक वार्षिक आय औषतमा रू. २,३४,००० भन्दा कम)

(पारिवारिक वार्षिक आय औषतमा रू. २३,४००० देखि ४ लाख सम्म)

(पारिवारिक वार्षिक आय औषतमा रू. ४ लाख देखि १० लाख सम्म)

(पारिवारिक वार्षिक आय औषतमा रू. १० लाख भन्दा बढि)

ग. अभिभावक गुमाएका कारणः(बाबु/आमा/दुवै गुमाएको भए)

घ. रोगका कारण भएः

- रोगको नामः

ङ. शहिद, बेपत्ता, द्वन्द पिडित, घाईते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरी भए उल्लेख गर्नेः

च. भौगोलिक अवस्था

- विद्यालय टाढा भएका कारण
- विद्यालय जाने आउने बाटो असहज भएका कारण

छ. अभिभावकमा चेतनाको कमी

ज. पारिवारिक कारण

झ. अन्यः.............

१३ . विद्यालय बिचैमा छोडेका बालबालिकाको विवरण र कारणः

| क्र.स. | बालबालिकाको नाम | कति कक्षा पढेपछि छाडेको | कति वर्षको हुदाँ छाडेको | जन्म मिति | लिङ्ग | कारण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(विद्यार्थीको स्वास्थ्य, पारिवारको आर्थिक अवस्था, विद्यालय टाढा भएकाले, अनुत्तीर्ण भएर, विद्यालयमा हुने बुलिङ/हेपाईका कारण, अभिभावकको स्वास्थ्य, अभिभावकमा चेतनाको कमी, पारिवारिक अवस्था, बुबा आमाको पेशा/कामका कारण, बुबा आमा दुवै नभएकाले, बुबा नभएकाले, आमा नभएकाले, अन्य (checkbox)

**ग.** विद्यालय वाहिर रहेका (१३-१८ उमेर समूह)का वालवालिकालाई अन्य कुनै सिप मूलक तालिम लिन मन छ? (छ/छैन)

भएमा कुन सिप हो, खुलाउनेः...............

**घ.** परिवारमा साक्षर व्यक्ति नभएको भएः (विद्यालय नगएको र साक्षरता कक्षामा समेत सहभागी हुन नपाएका व्यक्तिको विवरण)

| क्र.स. | व्यक्तिको नाम | जम्म मिति | लिङ्ग | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

विवरण भर्नेको नामः

भरेको मितिः

हस्ताक्षरः

# अनुसुची-२

## स्थानीय तहले प्रस्ताव पेश गर्ने ढाँचाः

**१. स्थानीय तहको विवरणः**

नामः जिल्लाः वडा संख्याः

जम्मा जनसङ्ख्याः महिलाः पुरुषः

प्रमुख प्रशासकिय अधिकृतको सम्पर्क नम्बरः ईमेल ठेगाना

**२. शैक्षिक संस्थाको विवरणः**

क. **विद्यालय संख्या**

| विद्यालयको प्रकार | तह | | | |
|---|---|---|---|---|
| | कक्षा १-५ | कक्षा १-८ | कक्षा ९-१० | कक्षा ९-१२ |
| सामुदायिक | | | | |
| संस्थागत | | | | |
| धार्मिक (गुरुकुल, गुम्बा र मदरसा) | | | | |

ख. विशेष विद्यालय/स्रोत कक्षा

ग. अनौपाचारिक प्रौढ विद्यालय संङ्ख्याः

घ. सामुदायिक सिकाई केन्द्र सङ्ख्याः

**३. विद्यालय जान नसकेका बालबालिकाको विवरणः**

| **क्रस** | **बालबालिकाको नाम** | **जन्ममिति** | **लिङ्ग** | **कारण** | **विस्तृत विवरण** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**४. साक्षर हुन बाँकी जनसङ्ख्याको विवरणः**

| क्रस | व्यक्तिको नाम | जन्म मिति | लिङ्ग | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

५. **लागत अनुमान** (लागत अनुमान तयार गर्दा मापदण्डको परिच्छेद-६ को अनुदान खण्डलाई आधार मान्नु पर्नेछ)

| **क्रस** | **शीर्षक** | **मुख्य क्रियाकलाप** | **अनुमानित लागत** |
|---|---|---|---|
| १ | विभिन्न कारण विद्यालय बाहिर रहेका व्यक्तिहरुको/बालबालिकाको विवरण संकलन एवम् अध्यावधिक गर्न | | |
| २ | नियमावली बमोजिम आवासिय सुविधा, छात्रवृत्ति, विशेष व्यवस्था र अवसर सुनिश्चित गर्न | | |
| ३ | अनौपचारिक र वैकल्पिक शिक्षा उपलव्ध गराउने, | | |
| ४ | घोषणा कार्यक्रम सञ्चालन एवम् व्यवस्थापन | | |
| ५ | अन्य क्रियाकलाप | | |

प्रस्ताव पेश गर्ने स्थानीय तहका

| **शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको** | **प्रमुख प्रशासकिय अधिकृतको** | **स्थानीय तहको छाप** |
|---|---|---|
| हस्ताक्षर | हस्ताक्षर | |
| नाम थर | नाम थर | |
| मिति | मिति | |